प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गौर बहुप्राविधिक शिक्षालय

गौर, रौतहट

मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३ मिति:-२०८२/०५/१५

चलानी नं.:-

## प्रशिक्षार्थी भर्ना सम्बन्धि सुचना ।

उपर्युक्त विषयमा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८२/०४/०५ मा प्रकाशित सुचना बमोजिम मिति २०८२/०५/१४ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम,धनुषाले प्रकाशन गरेको डिप्लोमा/प्रमाणपत्र तहका फार्मेसी, नर्सिङ्ग र मिडवाईफेरी कार्यक्रमहरुको पुर्णशुल्किय तर्फको नतिजामा मुख्य उम्मेदवारमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८२/०५/२३ गते कार्यालय समयभित्रमा तपसिलका सक्कल प्रमाणपत्रहरु तथा प्रमाणित प्रतिलिपिहरु सहित यस शिक्षालयमा भर्ना हुनको लागि जानकारी गराइन्छ।साथै तोकिएको समय भित्र भर्ना हुन नआएमा परिषद्, प. नि. का द्धारा जारी गरिएको प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम प्रक्रिया गरिने व्यहोरा समेत जानकारी गरिन्छ ।

शिक्षालय प्रमुख

<u>तपशिलः</u>

१) भर्ना हुन पाउ भनी एक प्रति निवेदन।

२) Application Acceptance Card सक्कल र प्रतिलिपि प्रमाणित २ सेट

३) सम्पुर्ण शैक्षिक योगयताको प्रमाण पत्रको सक्कल र प्रतिलिपि प्रमाणित २ सेट

४) नागरिकता/जन्मदर्ताको सक्कल र प्रतिलिपि प्रमाणित २ सेट

५) छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र प्रतिलिपि प्रमाणित २ सेट

६) हालसालै खिचेको पासपोर्ट साइजको(३५*४५mm) आफ्नो ५ प्रति फोटो

७) निरोगिताको प्रमाणपत्रको सक्कल र प्रतिलिपि-२ सेट

८) अभिभावक (बुवा/आमा मध्ये एक जना परिचय पत्र सहित) र प्रशिक्षार्थी स्वयम अनिवार्य उपस्थित हुनुपर्ने छ।

९) TSCL को हकमा परिषद् दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि-२ सेट

१०) आवश्यक सम्पुर्ण कागजातहरु रुजु भए पश्चात मात्र जम्मा शुल्कको पहिलो किस्ता रकम रु.७०,००० (अक्षेरुपी सत्तरी हजार) वैंक दाखिला गर्नु पर्ने छ।

११) परिषद् परीक्षा नियन्त्रण कार्यालयले लिने परिक्षा शुल्क, रजिष्टेशन शुल्क, काउन्सिल लगबुकको शुल्क, प्रयोगात्मक अभ्यास गर्न अस्पतालहरुमा लाग्ने शुल्क, शैक्षिक भ्रमणको शुल्क आदिमा लाग्ने शुल्क सम्बन्धित निकायको निर्णय बमोजिम प्रशिक्षार्थीहरुले स्वयम व्यहोर्नुपर्ने छ।

नोटः-सक्कल वैंक भौचरमा भर्ना हुने प्रशिक्षार्थीको नाम तथा कार्यक्रम अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

**email:-कार्यालय-nursinggaur@gmail.com ,लेखा शाखा:-accgpigaur@gmail.com website: www.gni.edu.np**

कार्यालयको फो.:९८५५०४२१४४,लेखा:९८५५०४२०८१,प्रशासन:-९८५५०४२१८२